# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५१) काठमाडौं, चैत ६ गते २०५८ साल (अतिरिक्ताङ्क ७३ (क+१)

## भाग ४

### श्री ५ को सरकार
### स्थानीय विकास मन्त्रालयको
### सूचना १

श्री ५ को सरकार (मन्त्रिपरिषद्) को मिति २०५८।१२।६ को निर्णय अनुसार देहाय बमोजिम राष्ट्रिय दलित आयोगको स्थापना र तत्सम्बन्धी अन्य व्यवस्था गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

१. आयोगको स्थापनाः (१) श्री ५ को सरकारले दलित वर्गको उत्थान र विकास गरी देश विकासमा दलित वर्गको सक्रिय सहभागिता गराउने उद्देश्यले राष्ट्रिय दलित आयोगको स्थापना गरेको छ ।

(२) राष्ट्रिय दलित आयोग (यसपछि "आयोग" भनिएको) मा दलित वर्गको हक हितको संरक्षण र सम्बर्धनका साथै दलितहरूको विकास र उत्थानमा योगदान पुऱ्याएका व्यक्तिहरूमध्येबाट श्री ५ को सरकारले तोके बमोजिमका अध्यक्ष, सदस्यहरू र सदस्य-सचिव रहने छन् ।

२. आयोगका अध्यक्ष, सदस्य तथा सदस्य-सचिवको पदावधि तथा सुविधाः (१) आयोगका अध्यक्ष, सदस्यहरू तथा सदस्य-सचिवको पदावधि दुई वर्षको हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) आयोगका अध्यक्ष, सदस्यहरू तथा सदस्य-सचिवले पाउने सुविधा श्री ५ को सरकारले तोके बमोजिम हुनेछ ।

३. आयोगको बैठक र कार्य प्रणाली: आयोगको बैठक र कार्य प्रणाली आयोग आफैले निर्धारण गरे बमोजिम हुनेछ।

४. आयोगको काम, कर्तव्य र अधिकार: आयोगको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:

(क) दलित वर्गको हक, हित र अधिकारको निर्बाध उपभोग गर्न पाउने वातावरण सिर्जना गर्न आवश्यक पर्ने कार्यहरू गर्ने,

(ख) उल्लिखित कार्य गर्न आवश्यक पर्ने प्रचलित कानून र श्री ५ को सरकारको नीति नियममा समायानुकूल संशोधन गर्न सिफारिश गर्ने,

(ग) नेपाल पक्ष भएका जातिभेद विरुद्धका तथा मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेजहरूको कार्यान्वयनको लागि आवश्यक पर्ने रणनीति र कार्यनीति तर्जुमा गरी श्री ५ को सरकार समक्ष कार्यान्वयनको लागि सिफारिश गर्ने,

(घ) दलित वर्गको उत्थान र विकास कार्यमा संलग्न गैर-सरकारी संस्थाको काम कारवाहीको समन्वय र अनुगमन गर्ने,

(ङ) दलित वर्गको उत्थान र विकासको लागि सामाजिक भेदभाव, छुवाछुत र परम्परागत संस्कारलाई हटाउन सामाजिक जागरणका कार्यक्रमहरू बनाई गैर-सरकारी संस्था मार्फत कार्यान्वयन गराउने,

(च) दलित वर्गप्रति समाजमा कुनै भेदभावपूर्ण एवं गैरकानूनी कार्य भएमा सोको उजुरी सुनी प्रचलित कानून बमोजिम गर्ने, गराउने र

(छ) राष्ट्रिय दलित आयोग सम्बन्धी उपयुक्त कानूनी व्यवस्था गर्न आवश्यक विधेयक मस्यौदा गर्ने ।

५. आयोगका कार्यालय र कर्मचारी सम्बन्धी व्यवस्था: (१) आयोगको कार्यालय काठमाडौं उपत्यकामा रहनेछ ।

(२) आयोगको दैनिक प्रशासनको संचालन सदस्य-सचिवले गर्नेछ ।

(३) आयोगलाई आवश्यक पर्ने कर्मचारी स्थानीय विकास मन्त्रालयले उपलब्ध गराउने छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६. आयोगको कामको प्रतिवेदन र श्री ५ को सरकारसँग सम्पर्कः आयोगले आफूले गरेको काम, कारवाहीको वार्षिक प्रतिवेदन श्री ५ को सरकारसमक्ष पेश गर्नु पर्नेछ ।

(२) आयोगले श्री ५ को सरकारसँग सम्पर्क राख्दा स्थानीय विकास मन्त्रालयमार्फत राख्नु पर्नेछ ।

## सूचना २

श्री ५ को सरकारको निर्णयानुसार राष्ट्रिय दलित आयोगमा देहायका व्यक्तिहरूलाई देहायबमोजिम अध्यक्ष, सदस्य र सदस्य सचिव तोकेको छ

| | | |
|---|---|---|
| १. | श्री पदम सिंह विश्वकर्मा, बाग्लुङ्ग | – अध्यक्ष |
| २. | श्री गणेश परियार, कास्की | – सदस्य |
| ३. | श्री लोकबहादुर विश्वकर्मा, सुर्खेत | – सदस्य |
| ४. | श्री शम्भु हजरा पासवान, पर्सा | – सदस्य |
| ५. | श्री मीन विश्वकर्मा, सुनसरी | – सदस्य |
| ६. | श्री देशबहादुर सार्की, भोजपुर | – सदस्य |
| ७. | श्री भीम वरेली, मोरङ्ग | – सदस्य |
| ८. | श्री जीतबहादुर (दर्जी) गौतम, झापा | – सदस्य |
| ९. | श्री दीपकजंग विश्वकर्मा, स्याङ्जा | – सदस्य |
| १०. | श्री दुर्गा सोब, डोटी | – सदस्य-सचिव |

आज्ञाले,
हरिप्रसाद रिमाल
सह-सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरेपछि मात्र लागु हुनेछ।

१२०६

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१२८